# नेपाली भाषाको शब्दभण्डार : एक अध्ययन

टीकाराम दाहाल
उपप्राध्यापक : नव्यव्याकरण
ने.सं.वि., पिण्डेश्वर विद्यापीठ, धरान, नेपाल
tikadahaldharan@gmail.com

**DOI:** https://doi.org/10.3126/ss.v2i2.69309

## लेखसार

*भाषा मानवीय विचार विनिमय र भावाभिव्यक्तिको लागि अपरिहार्य साधन हो । विश्वका भाषाहरूलाई भाषावैज्ञानिकहरूले दशवटा भाषा परिवारमा विभाजन गरेका छन् । ती मध्ये नेपाली भाषा भारोपेली परिवारमा रहेको छ । नेपाली भाषाको सबैभन्दा महत्त्वपूर्ण एकाइ शब्दभण्डार हो । शब्द भाषाको रूपभन्दा ठूलो तथा पदावली र वाक्यभन्दा सानो स्वतन्त्र अर्थयुक्त एकाइ हो । भाषिक भावाभिव्यक्तिमा शब्दको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषाको सबैभन्दा सानो सार्थक एकाइ रूपभन्दा ठूलो एकाइ शब्द, त्यसभन्दा ठूलो पदावली र त्यसपछिको ठूलो एकाइ वाक्य हो । वाक्यबाट नै सम्पूर्ण अर्थको अभिव्यक्ति र बोध हुन्छ । पदावली भन्दा सानो र रूपभन्दा ठूलो स्वतन्त्र अर्थयुक्त एकाइ नै शब्द हो । नेपाली भाषाको शब्दभण्डारको अध्ययन र विश्लेषण गर्न प्रथमतः यस शोध आलेखका समस्या र उद्देश्यहरूलाई स्पष्ट पार्दै शोधविधिको उल्लेख गरिएको छ । शब्दभण्डारको अध्ययनका लागि यहाँ वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । विषयको स्पष्टीकरणका लागि निगमनात्मक र आगमनात्मक विधिको पनि उपयोग गरिएको छ । नेपाली भाषाको जननी भाषा संस्कृत भएकाले नेपाली भाषामा संस्कृतभाषाबाट आएका शब्दहरूलाई मौलिक शब्द मानिन्छ भने संस्कृतबाहेक अन्य भाषाबाट आएका शब्दलाई आगन्तुक शब्द मानिन्छ । नेपालीमा संस्कृतबाट जस्ताको तस्तै आएका तत्सम शब्द तथा संस्कृतबाट प्राकृत अपभ्रंश हुँदै नेपाली उच्चारण अनुकूल परिवर्तन भएर आएका तद्भव शब्दहरूको बाहुल्य रहेको पाइन्छ । शब्द व्युत्पादन प्रक्रियाका आधारमा ससाना सार्थक एकाइमा विभाजन गर्न नसकिने मूल शब्द र त्यसरी विभाजन गर्न सकिने व्युत्पन्न शब्दहरू रहेका छन् । शब्दले वाक्यमा रहेर गर्ने कामका आधारमा नेपाली भाषाका शब्दहरू नाम, सर्वनाम, विशेषण, क्रियायोगी नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी ९ वर्गका रहेका पाइन्छन् । हरेक भाषामा आफ्नै किसिमका प्राविधिक क्षेत्रका पारिभाषिक शब्दहरू प्रचलनमा रहेका हुन्छन् । चिकित्सा, कृषि, वाणिज्य, कानुन, विज्ञान र प्रविधि, सूचना र सञ्चार, अर्थजगत्, धर्म, संस्कृति आदि क्षेत्रसँग सम्बन्धित अनेकौँ शब्दहरूले विशिष्ट अर्थलाई अभिव्यक्त गर्दछन् । त्यसैले हरेक भाषाको शब्दभण्डार त्यस भाषाभाषीको व्यवहारसँग मात्र होइन पहिचानसँग नै गाँसिएको हुन्छ । नेपाली भाषामा पनि विभिन्न भाषिक व्यवहार सम्पन्न गर्न विभिन्न भाव अभिव्यक्त गर्न शब्दभण्डारको स्थान महत्त्वपूर्ण रहेको छ ।*

**शब्दकुञ्जिका** : पारिभाषिक, भाषापरिवार, व्युत्पादन, शब्दवर्ग, शब्दस्रोत ।

## विषय परिचय

नेपाली भाषा भारोपेली भाषापरिवारको जेठो भाषा संस्कृतबाट विकसित भएको हो । त्यसैले नेपाली भाषामा संस्कृतभाषाबाट आएका शब्दहरूको जस्ताको तस्तै प्रयोग तथा संस्कृतबाट प्राकृत अपभ्रंश हुँदै नेपाली उच्चारण अनुकूल परिवर्तन भएर आएका शब्दहरूको बाहुल्य रहेको पाइन्छ । भाषिक भावाभिव्यक्तिमा शब्दको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली भाषामा पनि विभिन्न भाषिक व्यवहार सम्पन्न गर्न विभिन्न भाव अभिव्यक्त गर्न शब्दभण्डारको स्थान महत्त्वपूर्ण रहेको कुरामा कसैको दुईमत नहोला । भाषामा आफ्नै किसिमका प्राविधिक क्षेत्रका पारिभाषिक शब्दहरू प्रचलनमा रहेका हुन्छन् । चिकित्सा, कृषि, वाणिज्य, कानुन, विज्ञान र प्रविधि, सूचना र सञ्चार, अर्थजगत्, धर्म, संस्कृति आदि क्षेत्रसँग सम्बन्धित अनेकौँ शब्दहरू रहेका हुन्छन् । यस्ता क्षेत्रमा प्रयुक्त शब्दहरूले विशिष्ट अर्थलाई अभिव्यक्त गरेका हुन्छन् । भाषाको सबैभन्दा सानो र सार्थक एकाइ रूप हो भने भन्दा ठूलो सार्थक नै एकाइ शब्द हो । शब्दभन्दा ठूलो एकाइ पदावली र त्यसपछिको ठूलो एकाइ वाक्य हो । वाक्यबाट नै सम्पूर्ण अर्थको अभिव्यक्ति र बोध हुन्छ । पदावलीभन्दा सानो र रूपभन्दा ठूलो स्वतन्त्र अर्थयुक्त एकाइ नै शब्द हो । शब्द नै कारक तथा तिनलाई जनाउने विभक्ति जोडिएपछि पद बन्दछन् ।

नेपाली भाषाको शब्दभण्डारमा शब्दस्रोतका आधारमा मौलिक र विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरू रहेका छन् । शब्द बन्ने प्रक्रियालाई शब्दव्युत्पादन प्रक्रिया भनिन्छ । व्युत्पादन प्रक्रियाका आधारमा नेपाली भाषाका शब्दहरू मूल र व्युत्पन्न गरी दुई किसिमका पाइन्छन् । ससाना सार्थक एकाइमा विभाजन गर्न नसकिने मूल शब्द हुन् भने त्यसरी विभाजन गर्न सकिने शब्दहरू  व्युत्पन्न हुन् । शब्दले वाक्यमा रहेर गर्ने कामका आधारमा तिनको वर्ग विभाजन गर्न सकिन्छ । नेपाली भाषाको शब्दभण्डारका शब्दलाई यिनै तिनले वाक्यमा रहेर गर्ने कामका आधारमा नौ वर्गमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । प्रतुत अध्ययनमा नेपाली भाषाको शब्दभण्डारमा रहेका शब्दहरूलाई तिनको वर्गीकरणका आधार पहिल्याएर त्यसैका आधारमा वर्गीकरण र विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## शोध समस्या

नेपाली भाषाको शब्दभण्डारमा रहेका शब्दहरू के कस्ता रहेका छन् ? तिनलाई के कस्ता आधारमा वर्गीकरण र विश्लेषण गर्न सकिन्छ भन्ने विषय नै यस लेखको मुख्य शोध समस्या रहेको छ । शोधमा उठान गरिएका समस्याहरू यसप्रकार रहेका छन् :

क. नेपाली भाषाको शब्दभण्डारलाई के कसरी वर्गीकरण गरिएको पाइन्छ ?

ख.  शब्दस्रोत र बनोटका आधारमा नेपाली भाषाको शब्दभण्डारमा के कस्ता शब्द रहेका छन् ?

ग. कार्यका आधारमा नेपाली भाषाका शब्दहरू के कस्ता रहेका छन् ?

## शोधको उद्देश्य

नेपाली भाषाको शब्दभण्डारमा रहेका शब्दहरूको शब्दस्रोत, बनोट र शब्दले वाक्यमा रहेर गर्ने कामका आधारमा तिनको वर्गीकरण र विश्लेषण गर्नु नै यस लेखको उद्देश्य रहेको छ । यस शोधका मुख्य उद्देश्य यसप्रकार रहेका छन् :

क. नेपाली भाषाको शब्दभण्डारमा रहेका शब्दहरूको वर्गीकरणका आधार पहिल्याउनु,

ख. शब्दस्रोत र बनोटका आधारमा नेपाली भाषाको शब्दभण्डारमा रहेको शब्दको विश्लेषण गर्नु,

ग. कार्यका आधारमा नेपाली भाषाका शब्दवर्ग पहिचान गर्नु ।

## शोधविधि

नेपाली भाषाको शब्दभण्डारको अध्ययन, विश्लेषण र वर्गीकरण गर्न यहाँ मुख्यतः पुस्तकालयीय विधिको उपयोग गरिएको छ । पुस्तकालयमा रहेका शब्दभण्डारको विश्लेषण र वर्गीकरण गरिएका विभिन्न पुस्तकहरू नै यस शोधलेखका सामग्री सङ्कलनका स्रोत हुन् । यस लेखलाई तयार गर्न  द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । सम्बद्ध पुस्तकहरूको अध्ययनबाट प्राप्त सामग्रीलाई वर्गीकरण र विश्लेषण गर्न वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । शब्दहरूको स्रोत खुलाउन, व्युत्पादन प्रक्रिया दर्शाउन र शब्दले वाक्यमा रहेर गर्ने कार्यका आधारमा तिनका वर्ग खुलाउन निगमनात्मक र आगमनात्मक विधि पनि अपनाइएको छ ।

## विश्लेषण र परिणाम

### शब्दभण्डारको परिचय

कुनै पनि भाषामा शब्दभण्डारको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । नेपाली भाषाको सबैभन्दा महत्त्वपूर्ण एकाइ शब्दभण्डार हो । भाषाको सबैभन्दा सानो र सार्थक एकाइ रूप हो । भाषाको रूपभन्दा माथिल्लो एकाइ शब्द हो भने त्यसभन्दा माथिल्लो पदावली र त्यसपछिको ठूलो एकाइ वाक्य हो । पदावलीभन्दा सानो र रूपभन्दा ठूलो स्वतन्त्र अर्थयुक्त एकाइ नै शब्द हो । भाषाका यिनै स्वतन्त्र र सार्थक शब्द वाक्यमा क्रियापदसँग समन्वय स्थापित गरी प्रयोग भएपछि पद कहलाउँछन् । पदमा कारक कर्ता, कर्म, करण, सम्प्रदान, अपादन र अधिकरण तथा तिनलाई जनाउने विभक्ति प्रथमा (ले), द्वितीया (लाई), तृतीया (ले द्वारा), चतुर्थी (लाई), पञ्चमी (देखि, बाट), षष्ठी (को का की, रो रा री, नो ना नी), सप्तमी (मा) र सम्बोधन दृश्य वा अदृश्य रूपमा जोडिएका हुन्छन् । वाक्यमा आएका हरेक शब्दमा कारक विभक्तिको दृश्य र अदृश्य रूपमा अन्वय पाइने भएकाले तिनलाई पद भनिएको हो । विभक्ति वा कारकसँग सम्बन्ध नगाँसिएको अवस्थामा भाषाका तिनै सार्थक र स्वतन्त्र एकाइलाई शब्द भनिन्छ ।

भाषामा विभिन्न स्रोतबाट आएका शब्द हुनसक्ने भएकाले शब्दस्रोतका आधारमा शब्दभण्डारको अध्ययन र वर्गीकरण गर्न सकिन्छ । नेपाली भाषामा स्रोतका आधारमा मौलिक र आगन्तुक शब्दहरू रहेका छन् । शब्द बनाउने विधिलाई शब्द व्युत्पादन प्रक्रिया भनिन्छ । यस आधारमा नेपाली भाषाका शब्द मूल र व्युत्पन्न गरी दुई प्रकारका

रहेका पाइन्छन् । शब्दले वाक्यमा रहेर गर्ने कामका आधारमा तिनका विभिन्न समूह बनेका हुन सक्छन् । तिनलाई शब्दवर्ग वा पदवर्ग भनिन्छ । नेपाली भाषाको शब्दभण्डारमा नौ किसिमको पदवर्गका शब्द रहेका देखिन्छन् । यीबाहेक पनि भाषामा आफ्नै किसिमका पहिचान र विशेषता बोकेका प्राविधिक क्षेत्रका पारिभाषिक शब्दहरू प्रचलनमा रहेका हुन्छन् । चिकित्सा, कृषि, वाणिज्य, कानुन, विज्ञान र प्रविधि, सूचना र सञ्चार, अर्थजगत्, धर्म, संस्कृति आदि क्षेत्रसँग सम्बन्धित अनेकौँ शब्दहरू रहेका हुन्छन् । यस्ता क्षेत्रमा प्रयुक्त शब्दहरूले विशिष्ट अर्थलाई अभिव्यक्त गर्दछन् । यहाँ नेपाली भाषाको शब्दभण्डारमा रहेका शब्दहरूको शब्दस्रोत, बनोट र कार्यका आधार अध्ययन र विश्लेषण गरिएको छ ।

## शब्दभण्डारको वर्गीकरण

हरेक भाषाको शब्दभण्डारमा रहेका शब्दलाई शब्दहरूको समूह समूहमा गरिने विभाजनलाई शब्दवर्ग भनिन्छ । नेपाली भाषाका शब्दलाई पनि विभिन्न आधारमा विभाजन गरी वर्गीकरण र विश्लेषण गरिएको पाइन्छ । शब्द बन्ने तरिका, तिनका कोशीय, व्याकरणिक, परम्परागत (रुढ) अर्थ र शब्दको स्रोत र शब्दले वाक्यमा रहेर गर्ने कार्यका आधारमा शब्दको वर्गीकरण गरिएको पाइन्छ । नेपाली भाषाको शब्दभण्डारका शब्दलाई शब्द स्रोतका आधारमा, बनोटका आधारमा र कार्यका आधारमा वर्गीकरण गरिएको पाइन्छ (लम्साल र अन्य, २०६५ : २५) । यहाँ नेपाली भाषाको शब्दभण्डारलाई शब्दको स्रोत, शब्दको बनोट र शब्दका कार्यका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

### *स्रोतका आधारमा शब्द*

भाषाले भाषा विकासका विभिन्न चरणलाई पार गर्दा स्रोत भाषा र अन्य सम्पर्कका कुनै न कुनै भाषा वा ठाउँबाट शब्दलाई ग्रहण गरेको हुन्छ । त्यही भाषा वा ठाउँलाई शब्दहरूको स्रोत मानिन्छ । हरेक भाषामा विभिन्न स्रोतबाट शब्दहरू आएका वा लिइएका हुन्छन् । नेपाली भाषामा पनि नेपाली भाषाको जननी संस्कृत भाषा नेपाली शब्दभण्डारको महत्वपूर्ण स्रोत हो । नेपाली भाषामा संस्कृत भाषाको धेरै शब्दहरू जस्ताको तस्तै वा केही स्वरूप फेरिएर प्रयोगमा आएका छन् । नेपालीमा संस्कृतबाहेक अन्य विभिन्न भाषाबाट पनि शब्दहरू आएका पाइन्छन् । स्रोतका आधारमा नेपाली भाषाका शब्दभण्डारका शब्दहरू मौलिक र आगन्तुक गरी दुई किसिमका पाउन सकिन्छ । तिनलाई क्रमशः प्रस्तुत गरिएको छ ।

**मौलिक शब्द -** मौलिक शब्द मूल शब्दमा इक प्रत्यय जोडिएर बनेको हो । यसको अर्थ मूलसँग सम्बन्धित वा मूलसँग जोडिएको भन्ने हुन्छ । भाषाका सन्दर्भमा मौलिक शब्द भन्नाले भाषाका आफ्नै शिल्प र शैलीका मुख्य शब्द भन्ने अर्थ बुझिन्छ । नेपाली भाषाका शब्दभण्डारमा रहेका नेपाली भाषाको जननी भाषा संस्कृतबाट आएका शब्दलाई मौलिक शब्द भनिन्छ । नेपाली भाषाका धेरैजसो शब्दहरू संस्कृत भाषाबाट रूप नफेरिई जस्ताको तस्तै आएका छन् । तिनलाई तत्सम शब्द भनिन्छ । अन्य केही संस्कृत भाषाका शब्दहरू संस्कृत- प्राकृत - अपभ्रंश हुँदै आउँदा केही रूप फेरिएर नेपाली भाषाको उच्चारण ढाँचा अनुरूप बनेर आएका पाइन्छन् । यसरी केही रुप परिवर्तित भएर आएका शब्दलाई तद्भव शब्द भनिन्छ । तत्सम र तद्भव दुवै स्रोतका शब्दहरू नेपाली भाषाका मौलिक शब्दहरू हुन् । मौलिक शब्दहरू तत्सम र तदद्भव गरी दुई प्रकारका छन् ।

***तत्सम शब्द -*** नेपाली भाषाको जननी भाषा संस्कृतभाषाबाट जस्ताको तस्तै रूप नफेरिइकन आएका शब्दलाई तत्सम शब्द भनिन्छ । विद्यालय, विद्यार्थी, ज्ञानी, वर्ण, शब्द, पद, वाक्य, ऋषि, कृषि, भाषा, रूप, दश आदि शब्दहरू संस्कृत भाषाबाट नेपाली भाषामा जस्ताको तस्तै आएका तत्सम शब्द हुन् । भाषा विकासका चरणहरू पार गर्ने क्रममा नेपाली भाषाले संस्कृत भाषाका अनगिन्ती शब्दहरूलाई आफ्नै स्रोतका मानेर स्वाभाविक रूपमा स्वीकार गरेको हुनाले यस्ता शब्दलाई मौलिक शब्द भनिएको हो । नेपाली भाषामा यी शब्दको उच्चारणमात्र होइन लेखन पद्धति पनि संस्कृत भाषा अनुकूल नै अपनाएको पाइन्छ ।

तत्+सम = तत्सम शब्दको अर्थ त्यो जस्तै वा त्यो बराबर हो । नेपाली भाषाको मूल संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिइकन आएका शब्दलाई तत्सम शब्द भनिएको हो । तत्सम वि.(सं.) १ तत् भनेको त्यो वा तेस्तै र सम भनेको समान हो । पहिले संस्कृतमा जस्तो थियो अहिले नेपालीमा पनि त्यस्तै प्रयोग हुने शब्द नै तत्सम हुन् । मन्दिर, फल, पात्र, चित्र, गृह, पुस्तक, आदि शब्द तत्सम हुन् (पोखरेल, (सं.) २०६० : ५५०) । तत्सम शब्दको अर्थ पहिले भएजस्तै भन्ने हो । संस्कृत भाषाबाट जस्ताको तस्तै आएका शब्दलाई तत्सम शब्द भनिन्छ । जस्तै : अक्षर अभिनेत्री, ज्ञान, तिथि आदि (वराल र एटम,२०६६ : ८७)।

यसरी विभिन्न विद्वान्हरूले नेपाली भाषाको जननी भाषा संस्कृतबाट जस्ताको तस्तै आएका शब्दलाई तत्सम शब्द मानेको पाइन्छ ।

***तद्भव शब्द -*** संस्कृत भाषाबाट केही रूप फेरिएर वा केही परिवर्तित भएर नेपाली उच्चारण अनुकूल बदलिएर आएका शब्दलाई तद्भव शब्द भनिन्छ । भाषा विकासका चरणमा संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै रूप फेरिएर आएका नेपाली भाषाका शब्द तद्भव हुन् । तद् भनेको संस्कृत र भव भनेको त्यसबाट विकसित वा केही परिवर्तित भएर आएका शब्दहरू नै तद्भव हुन् ।

तद् +भव = तद्भव शब्दको अर्थ त्यसबाट बनेको वा संस्कृत भाषाबाट बनेको भन्ने हुन्छ । संस्कृत भाषाबाट आफ्नो केही रूप फेरिएर नेपालीमा आएका शब्दलाई तद्भव भनिन्छ । रूप फेरिएर वा नेपाली भाषाको उच्चारण अनुकूल बनेर परिवर्तित भई आएका शब्दलाई तद्भव शब्द भनिन्छ । नेपाली भाषामा प्रायः संस्कृतबाट प्राकृत हुँदै रूप फेरिएर आएका तद्भव शब्द रहेका छन् । जस्तै :

| **संस्कृत** | **प्राकृत** | **नेपाली** |
|---|---|---|
| ओष्ठ | ओट्ठ | ओठ |
| कर्म | कम्म | काम |
| कर्ण | कन्न | कान |
| खदिर | खइर | खयर |
| तिक्त | तित्त | तीतो |
| दुग्ध | दुद्ध | दूध |
| भक्त | भत्त | भात |
| मित्र | मित्त | मित |
| सप्त | सत्त | सात |

नेपाली भाषाका अनुकरणात्मक शब्दहरू पनि संस्कृत भाषाबाट नेपाली भाषाको उच्चारण अनुकूल बनेर नेपाली भाषाका प्रचलित भएका हुनाले ती पनि तद्भव नै हुन् । नेपाली भाषाका अधिकांश क्रियापदको विकासमा शौरसेनी प्राकृतको स्पष्ट प्रभाव परेको पाइन्छ । नेपाली भाषाका तत्सम र तद्भव दुवै किसिमका मौलिक शब्द नेपाली भाषाको शब्दभण्डाको महत्त्वपूर्ण सम्पदा हुन् ।

***आगन्तुक शब्द :*** पुर्ख्यौली भाषा संस्कृतभन्दा भिन्न अरू भाषाबाट नेपाली भाषामा आएका शब्दहरू आगन्तुक शब्द हुन् । यसरी विभिन्न भाषाबाट आउने शब्दहरू केही रुप परिवर्तित भएर नेपाली भाषाको उच्चारण अनुकूल बनेर आएका पाइनछन् भने केही परिवर्तन नभईकन जस्ताको तस्तै आएका पाइन्छन् । यसरी स्वदेशी र विदेशी दुवै किसिमका भाषाबाट आएका शब्दहरू आगन्तुक शब्द हुन् । नेपाली भाषामा देशभित्र बोलिने स्वदेशी र देशबाहिरका थुप्रै विदेशी भाषाहरूबाट शब्दहरू आएका पाइन्छन् । संस्कृतबाहेक अन्य स्वदेशी र विदेशी भाषाबाट नेपाली भाषामा आएका शब्दलाई नै आगन्तुक भनिन्छ ।

नेपाली भाषा संसारकै सबैभन्दा ठूलो भाषा परिवार भारोपेली परिवारको भाषा हो । नेपालीमा भारोपेली र अभारोपेली भाषापरिवारका भाषाबाट पनि आएका शब्दहरू नेपाली भाषामा प्रयोग भएका पाइन्छन् । आगन्तुक शब्दको वर्ण विन्यास नेपाली उच्चारण र प्रयोगअनुसार हुने गरेको छ । नेपाली भाषामा देशभित्र बोलिने र देश बाहिर बोलिने थुप्रै भाषाबाट शब्दहरू आएका पाइन्छन् । जस्तै :

<u>विदेशी भाषा स्रोतबाट आएका शब्दहरू :</u>

अंग्रेजी- रेडियो, पेन्सन, मोबाइल, क्याम्पस, पाइप, टिकट, स्कुल, मिटर, फोटो, फुट, मिटर ।

फारसी - बदाम, गिरफ्तार, जागीर, सहर, नगद, ताजा, पर्दा नौजवान ।

अरबी - कोट, वकील, अदालत, बहिदार, हाकिम, अखबार, तारिख, कुर्सी ।

हिन्दी - कच्चा, कमसेकम, झपट, कन्जुस, ठक्कर, चक्कर, औ, बहुत ।

चिनियाँ - चाउचाउ, चाउमिन, थुक्पा, मःम ।

पोर्तुगाली - कमेज, कुर्ता, कफी, गमला,चाबी, तौलिया, पिस्तोल ।

<u>स्वदेशी भाषा स्रोतबाट आएका शब्दहरू</u>

मैथिली - पैनी, पटुवा, छठ, ढाट,

नेवारी - कौसी, क्वाँटी, योमरी, झ्याल, लाखे, चाकु, डकर्मी, सिकर्मी ।

मगर - माले, पटुका, बाउसे ।

गुरुङ - रोदी, घुम, खुर्पा, गुम्बा, माने ।

किराती - याक्सा, मुन्धुम, घ्याम्पा, छयाङ, मेवाहाङ, रोदुङ, हाङ ।

***बनोटका आधारमा शब्द :***

बनोट भनेको शब्द बन्ने तरिका हो । शब्द बन्ने तरिकालाई शब्द व्युत्पादन प्रक्रिया भनिन्छ । नेपाली भाषाका शब्दहरूलाई बनोटका आधारमा वर्गीकरण र विश्लेषण गरिएको

पाइन्छ । शब्द व्युत्पादन प्रक्रिया अपनाएर बनेका शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । यसरी बनेका व्युत्पन्न शब्दहरूलाई ससाना अंशमा छुट्याउन वा विभाजन गर्न सकिन्छ । शब्द बन्ने तरिकाका आधारमा कुनै पनि अंश

छुट्याएर विभाजन गर्न नसकिने शब्दलाई मूल शब्द भनिन्छ । बनोटका आधारमा नेपाली भाषाको शब्दभण्डारमा मूल र व्युत्पन्न शब्द गरी दुई किसिमका रहेका पाइन्छन् ।

***मूल शब्द -*** शब्दनिर्माण गर्ने कुनै पनि तरिका वा विधि प्रयोग नभएर बनेका शब्द मूल शब्द हुन् । मूल शब्दलाई यसभन्दा सानो सार्थक एकाइमा टुक्र्याएर प्रकृति प्रत्ययका रूपमा विभाजन गर्न सकिँदैन । मूल शब्दलाई सिङ्गो शब्द पनि भनिएको पाइन्छ । घर, गोठ, ओठ, आँप, रुख, चरो, माटो, काठ, टपक्क, थक्क, जुरुक्क, पानी, माला, छाला, आगो, साग, पात आदि शब्दहरू मूल शब्द हुन् । यी मूल शब्दलाई यसभन्दा सानो सार्थक अंशका (एकाइका) रूपमा टुक्र्याउन सकिँदैन ।

***व्युत्पन्न शब्द :*** कुनै पनि मूल शब्दमा वा धातुमा उपसर्ग वा प्रत्यय जोडिएर बेनेका शब्द व्युत्पन्न शब्द हुन् । त्यस्तै सार्थक स्वतन्त्र दुई शब्द विशेष अर्थ प्रकट गर्ने क्रममा जोडिएर, समास भएर बनेका तथा एउटै शब्द दोहोरिएर बनेका शब्द पनि व्युत्पन्न शब्द हुन् । नेपाली भाषामा शब्द व्युत्पादनका निम्न चारवटा विधिहरू उपसर्ग, प्रत्यय, समास र द्वित्व रहेका छन् । यिनै चारवटा विधिबाट बनेका शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । यस्ता व्युत्पन्न शब्दलाई ससाना सार्थक एकाइमा टुक्रा पारेर देखाउन सकिन्छ (लम्साल र अन्य, २०६५ : २६) । व्युत्पादन प्रक्रियाका आधारमा नेपाली भाषाको शब्दभण्डारमा निम्न चारवटा व्युत्पादन प्रक्रियाबाट व्युत्पन्न भएका शब्दहरू पाइन्छन् ।

व्युत्पादन प्रक्रिया र व्युत्पन्न शब्द :

अ) उपसर्गबाट व्युत्पन्न (आधार पदका अगाडि उपसर्ग जोडिएर बनेका शब्दहरू)

प्रगति, पराजय, परिमाण, आधार, सङ्कल्प, समाचार, विज्ञान, अनुरोध, बेइज्जत, बेकार, बद्मास ।

आ) प्रत्ययबाट व्युत्पन्न

कृत्प्रत्यय : (धातुमा कृत् प्रत्यय जोडिएर बनेका कृदन्त शब्दहरू)

कर्तव्य, कार्य, मननीय, कारक, पाठक, लेखन, बुझक्कड, घुमाउरो, डुलुवा, छापा ।

तद्धित प्रत्यय : (मूल शब्दमा तद्धित प्रत्यय जोडिएर बनेका तद्धितान्त शब्दहरू)

रसिलो, घमाइलो, गोरटो, धनी, मायालु, पूर्वेली होसियार, सँगिनी, अगुल्टो, घमाइँलो, मातृत्व, गतिमान्, सहायता, धार्मिक, श्रावण, भोजपुरे, इलामेली ।

इ) समासबाट व्युत्पन्न (दुई वा सोभन्दा बढी स्वतन्त्र अर्थ बुझाउने शब्दहरू जोडिएर विशिष्ट अर्थ बुझाउन बनेका समस्त शब्दहरू)

वारिपारि, त्रिकोण, दोबाटो, राजपत्र, देशनिकाला, रतन्धो, दाजुभाइ, चरीचुच्चे, भुसतिघ्रे ।

ई ) द्वित्वबाट व्युत्पन्न (एउटै शब्द पूर्ण वा आंशिक रूपमा वा केही परिवर्तित भई दोहोरिएर बनेका शब्दहरू)

गाउँगाउँ, घरघर, अचारसचार, चियासिया, आआफ्नो, झैझगडा, सरसापट, गफगाफ ।

यसरी शब्द व्युत्पादनका यी चार किसिमका शब्द व्युत्पादन प्रक्रियाबाट बनेका शब्दलाई व्युत्पन्न शब्द भनिन्छ ।

### ***कार्यका आधारमा शब्दको वर्गीकरण***

शब्दलाई वाक्यमा प्रयोग भएको अवस्थामा पद भनिन्छ । वाक्यमा प्रयोग भएर आउँदा शब्दमा विभक्ति (ले, लाई बाट, देखि, को, का की, रो,रा,री, नो, मा आदि) जोडिएका हुन्छन् भने कतै नजोडिएका पनि हुन सक्छन् । यसरी शब्दले वाक्यमा प्रयोग हुँदा विभिन्न व्याकरणिक कार्य सम्पादन गरेको हुन्छ । व्याकरणात्मक कार्यका

आधारमा गरिने शब्दको वर्गीकरणलाई नै कार्यका आधारमा गरिएको वर्गीकरण भनिन्छ। कुनै पनि भाषामा शब्दले गर्ने व्याकरणिक कार्यका आधारमा गर्ने कामलाई विशेष महत्व दिइएको हुन्छ। यसैका आधारमा भाषामा शब्दका वर्ग वर्ग (समूह समूह) बन्छन्। व्याकरणात्मक कार्यका आधारमा नेपाली भाषाका शब्दलाई विकारी र अविकारी गरी दुई वर्ग वा समूहमा विभाजन गरिएको पाइन्छ।

**विकारी शब्द :** लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य आदि व्याकरणिक कोटिका आधारमा वाक्यमा प्रयोग हुँदा रूप परिवर्तन हुने शब्द विकारी हुन्। यसअन्तर्गत नाम, सर्वनाम, विशेषण र क्रियापद वर्गका शब्द पर्दछन्। जस्तै : एउटा मोटो केटो खाजा खान्छ। (पुंलिङ्ग) एउटी मोटी केटी खाजा खान्छे। (स्त्रीलिङ्ग) धैरै मोटा केटाहरू खाजा खान्छन्। (बहुवचन) एउटा मोटो केटो म खाजा खान्छु (प्रथम पुरुष), एउटा मोटो केटाले खाजा खायो। (भूतकाल), एउटा मोटो केटाले खाजा खाएको छ। (पूर्ण पक्ष) एउटा मोटो केटाले खाजा खाओस्। (इच्छार्थ), एउटा मोटो केटाबाट खाजा खाइन्छ। कर्मवाच्य)।

यसरी माथिका वाक्यमा आएका एउटा, मोटो, कोटो र खान्छ शब्द लिङ्ग र वचनका आधारमा रूप फेरिएर प्रयोगमा आएका हुनाले यी (नाम, सर्वनाम, विशेषण र क्रियापद) विकारी अर्थात् रूप फेरिने किसिमका शब्द हुन्। नेपाली भाषाका विकारी शब्दहरू नाम, सर्वनाम, विशेषण र क्रियापद गरी चार किसिमका रहेका र तिनलाई यहाँ क्रमशः विश्लेषण गरिएको छ।

**अविकारी शब्द :** जुन शब्द पदको रूपायन हुँदैन, रूप परिवर्तन हुँदैन त्यस्ता शब्द अविकारी हुन्। लिङ्ग, वचन, पुरुष, काल, पक्ष, आदि व्याकरणिक कोटिका आधारमा वाक्यमा प्रयोग हुँदा रूप परिवर्तन नहुने एकैनास रहने शब्द अविकारी हुन्। अविकारी पदलाई अव्यय भनिन्छ। अविकारी शब्द नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी पाँच किसिमका हुन्छन्।

नेपाली भाषाको शब्दभण्डारमा कार्यका आधारमा विकारी समूहका नाम, सर्वनाम, विशेषण र क्रियापद तथा अविकारी समूहका नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी ९ वर्गका शब्द रहेका छन्। यहाँ ती ९ किसिमका शब्दवर्गलाई कोष्ठमा १,२,३,४,५,६,७,८,९ अङ्क क्रमशः राखेर सङ्केत गरी तिनको चिनारी प्रस्तुत गरिएको छ।

***नामपद :*** कुनै व्यक्ति, जाति, वस्तु, द्रव्य, समूह र तिनको आन्तरिक भावलाई बुझउने शब्दलाई नामपद भनिन्छ। सामान्यतया जुन वस्तु वा व्यक्तिलाई जे भन्दा चिनिन्छ त्यही नाम हो। नामपद पाँच प्रकारका हुन्छन्।

व्यक्तिवाचक नाम : भानुभक्त, गणेश, डोरबहादुर, आशाबाबु, काजीमान अधिकारी, श्रेष्ठ, थापा, शेर्पा, सगरमाथा, धरान, नेपाल, रामायण, बाइबल, गीता, दशैं, तिहार आदि।

जातिवाचक नाम : (साझानामलाई बुझाउने) : फूल, फल, कागज, देशश, मानव, पशु, गाई, हिमाल, किताब, देवता, नेवार, राई, लिम्बू, मगर, थकाली, घर, रुख आदि।

समूहवाचक नाम : जोर, हुल, बथान, भीड, वर्ग, समुदाय, झुप्पो, घरी, कुन्यु, रास, पल्टन आदि।

द्रव्यवाचक नाम : सुन, चाँदी, फलाम, दुध, दही, पानी, तेल, माटो ,बालुवा, धुवाँ, मिथिन, अक्सिजन, नुन, हावा, घिउ आदि।

भाववाचक नाम : दया, माया, प्रेम, रिस, घृणा, शोक, चिन्ता, श्रद्धा, हाँसो, कृपा आदि।

ता प्रत्यय जोडिएर बनेका शब्द : मानवता, मुर्खता, शुद्धता, सुन्दरता, वीरता, धीरता।

त्व प्रत्यय जोडिएर बनेका शब्द : मानवत्व, मुर्खत्व, मातृत्व, शिशुत्व, अपनत्व, बुद्धत्व।

य प्रत्यय जोडिएर बनेका शब्द : सौन्दर्य, धैर्य, शौर्य, गाम्भिर्य,।

धातुमा आइ प्रत्यय जोडिएर बनेका शब्द : पढाइ, बोलाइ, हिँडाइ, लेखाइ, गराइ

धातुमा नु प्रत्यय जोडिएर बनेका शब्द : पढ्नु, खेल्नु, दिनु, हाँस्नु, मुस्कुराउनु .।

नामपदलाई उपर्युक्त प्रकारभन्दा भिन्न गणनीय र अगणनीय, मानवीय र मानवेतर, सजीव र निर्जीव आदि प्रकारमा पनि वर्गीकरण गर्न सकिन्छ।

***सर्वनामपद :*** नामपदका सट्टामा वा पदावली एवं वाक्यका सट्टामा प्रयोग हुने पदलाई सर्वनामपद भनिन्छ। नेपाली भाषाका सर्वनामलाई पुरुषवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र निजवाचक गरी पाँच भागमा वर्गीकरण गरिएको पाइन्छ।

पुरुषवाचक सर्वनाम : म, हामी, तँ, तिमी, तपाईं, ऊ, उनीहरू आादि।

दर्शकवाचक सर्वनाम : यो, यी, यिनी, यिनीहरू, त्यो, ती, तिनी, तिनीहरू आदि।

सम्बन्धवाचक सर्वनाम : जो, जे, जुन, जोसुकै, जेसुकै, जुनसुकै, जेजे, जोजो।

प्रश्नवाचक सर्वनाम : को, के, कुन, कुनकुन, केही, कोही, केके, कोको आदि।

निजवाचक सर्वनाम : आफू, आफूआफू, स्वयं, निज ।

***विशेषणपद :*** नाम वा सर्वनामका गुण, दोष, रङ, आकार, स्वभाव आदि बुझाउने शब्दलाई विशेषणपद भनिन्छ। सामान्यतया नाम वा सर्वनाममा कस्तो, कत्रो, कुन, कसको आदि शब्द जोडेर प्रश्न गर्दा तिनको उत्तरमा आउने शब्द विशेषणपद हुन्छन्। गुणबोधक, परिमाणबोधक, संख्याबोधक र सार्वनामिक गरी विशेषण चार किसिमका हुन्छन्।

गुणबोधक : कालो, रातो, सेतो, भलाद्मी, अनुशासित, शिक्षित, रोगी, धनी गरिब, मोटो, पातलो, पिरो, अमिलो, झापाली, भारतीय, पूर्वेली, दैनिक, धार्मिक, नैतिक, पित्तले, सुनौलो।

परिमाणबोधक : अलिकति, धेरै, कम, प्रशस्त, अति, कति, अनगिन्ती, कतिपय, निकै, सबै।

संख्याबोधक : एक, दुई, तीन, पचास, पहिलो, दोस्रा, पाँचौ, सयौँ, हजारौँ, लाखौं, आधा, दुबै।

सार्वनामिक : (नामसँगै आएका सर्वनाम) यो मान्छे, त्यो काम, जो व्यक्ति, जुन विषय, जुनसुकै काम, को साथी, कोही दाता, कुन गाउँ, ती भाइहरू आदि। यहाँ नामपदसँगै आएका गाढा बनाइएका पद सार्वनामिक विशेषण हुन् ।

***क्रियापद :*** क्रियापदको निर्माण धातुबाट हुन्छ। क्रियापदले वाक्यलाई पूरा गर्दछन्। वाक्यका कार्य, घटना, अवस्था आदिलाई बुझाउने पदलाई नै क्रियापद भनिन्छ। क्रियापदको काल, पक्ष, वाच्य, लिङ्ग, पुरुष, वचन आदि व्याकरणात्मक कोटिका आधारमा धेरै रूपायन हुन्छ। धातुमा क्रिया प्रत्यय जोडिएर क्रियापद बन्छन् भने कृत् प्रत्यय जोडिँदा चाहिँ नाम, विशेषण, क्रियाविशेषण वर्गका शब्दहरू बन्दछन्। पढ्छ, पढ्यो, पढ्नेछन्,पढ्ला, पढून्, गइसकेछ, खेलेछ, खेल्थ्यो, पढाउला, मोटाउला आदि क्रियापद हुन्।

***नामयोगी :*** नाम, सर्वनाम र विशेषण पदसँग जोडिएर आई स्थान, अवस्था, अवधि, कारण, दिशा, आदि बुझाउने शब्द नामयोगी हुन्। यसले वाक्यमा रहेका अन्य पदसँग सम्बन्ध गाँस्ने काम गर्दछ। नामयोगी नामपदसँग

जोडेर लेखिन्छन् । भित्र ( घरभित्र), बाहिर, वारि, पारि, अघि, पछि, नजिक, टाढा, बित्तिकै, पर्यन्त, तिर, तर्फ, सँग, सित, मुनि पट्टि, निम्ति, लागि, समेत, सहित, बाहेक शब्दहरू नामयोगी हुन् ।

***क्रियायोगी :*** क्रियापदको विशेषता बुझाउने अव्ययपदलाई क्रियायोगी भनिन्छ । क्रियापदको स्थान समय परिमाण तरिका कारण रीति आदि विशेषता बुझाउने भएकाले क्रियायोगीलाई क्रियाविशेषण पनि भनिन्छ । क्रियायोगीले क्रियापदको स्थान, समय, परिमाण, रीति र कारणलाई बुझाउँछन् ।

क्रियाको स्थान बुझाउने : भित्र, बाहिर, यहाँ, त्यहाँ, माथि, तल, अगाडि, कहाँ, उँभो ।

क्रियाको समय बुझाउने : उहिले, पहिले, जहिले, जब, तब, अब, हिजो, आज, भोलि ।

क्रियाको परिमाण बुझाउने : अलिकति, धेरै, ठिक्क, यति त्यत्ति, जति, साह्रै, मनग्गे ।

क्रियाको रीति बुझाउने : यसरी, जसरी, त्यसरी, यसो, त्यसो, कसो, सुटुक्क, भुसुक्क, फुत्त ।

क्रियाको कारण बुझाउने : पढ्न, हेर्न, सुन्दा, बोल्दा, गरेर, पढेर, खाएर, पुगी, देखेकाले ।

माथि आएका शब्दले क्रियापदको विशेषता बुझाएका र लिङ्ग, वचन, पुरुष, काल आदि व्याकरणिक कोटिका आधारमा रूपमा परिवर्तन पनि नसहने भएकाले यी क्रियायोगी अविकारी हुन् ।

***संयोजक :*** दुई वा दुईभन्दा बढी शब्द, पदावली वा उपवाक्यलाई जोड्ने पद संयोजक हुन् । संयोजकले वाक्यमा कुनै पद, पदावली वा उपवाक्यलाई जोडेका हुन्छन् । यस्ता संयोजकहरू व्याकरणात्मक कोटिका आधारमा परिवर्तित हुँदैनन् । लिङ्ग, वचन, पुरुष, काल आदि व्याकरणिक कोटिका आधारमा रूपमा परिवर्तन पनि नसहने भएकाले संयोजक अविकारी हुन् । एउटा संयोजक पदले अर्को संयोजक पदको अपेक्षा गर्ने भए तिनलाई सापेक्ष संयोजक भनिन्छ भने अर्को पदको अपेक्षा नगर्ने एक मात्र भए तिनलाई निरपेक्ष संयोजक भनिन्छ ।

सापेक्ष संयोजक : जब–तब, जुन–त्यही, जो–सो, जहिले–तहिले, जसरी–तसरी, जुन–त्यही, भने ।

निरपेक्ष संयोजक : तर, अथवा, वा, र, अनि, पनि, एवं, किन्तु, परन्तु, तथापि किनभने, नत्रभने ।

***विस्मयादिबोधक :*** वक्ताका मनमा उत्पन्न हर्ष, दुःख, शोक, घृणा, प्रशंसा, निन्दा आदि भावलाई बुझाउन प्रयोग हुने पदलाई विस्मयादिबोधक भनिन्छ । आहा, ऐय्या, उफ, छया, धिक्कार, स्याबास्, हरे, अरे, ए, कठै, आत्था आदि विस्मयादिबोधक शब्दहरू अविकारी हुन् ।

***निपात :*** आफ्नो कुनै खास अर्थ नभएर पनि नजिकका पद वा वाक्यको अर्थमा प्रभाव पार्ने, मिठास उत्पन्न गराउने, विशेष भाव अभिव्यक्त गर्न सघाउने अविकारी पदलाई निपात भनिन्छ । यिनले वाक्यमा आएर छुट्टै अर्थ नबुझाए पनि वाक्यको अर्थमा चमत्कार अवश्य सिर्जना गर्दछन् । रे, अरे, क्यारे, व्यारे लौ, लु, ता, पो, नि, खै, नै, है, न, त, खै खै, लौ लौ, लौ न नि, लौ त, चाइने, चाइञ्जो, माने शब्दहरू निपात हुन् ।

यसरी नेपाली भाषा शब्द वाक्यमा रहेर गर्ने काम व्याकरणात्मक कोटिका आधारमा र काम गर्दा रूप परिवर्तन हुने विकारी र रूप परिवर्तन नहुने अविकारी दुई समूहका देखिन्छन् । नेपाली भाषाका शब्दहरूको शब्द वर्ग विश्लेषण गर्दा यिनै दुई समूहअन्तर्गतका नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी मुख्य नौ वर्गका पाइन्छन् ।

## निष्कर्ष

भाषाको सबैभन्दा सानो र सार्थक एकाइ रूपभन्दा ठूलो र पदावलीभन्दा सानो सार्थक एकाइ शब्द हो। शब्द पदावली भन्दा सानो र रूपभन्दा ठूलो स्वतन्त्र अर्थयुक्त हुन्छ। नेपाली भाषाको शब्दभण्डारमा मौलिक र आगन्तुक स्रोतका शब्दहरू रहेका छन्। ती शब्दलाई स्रोतका आधारमा मौलिक र आगन्तुक, बनोटका आधारमा व्युत्पन्न र अव्युत्पन्न (मूल) र कार्यका आधारमा विकारी र अविकारी दुई समूहका नौवटा वर्गमा वर्गीकरण गरिएको पाइन्छ।

नेपाली भाषाको जननी भाषा संस्कृतबाट आएका शब्दलाई मौलिक शब्द भनिन्छ। संस्कृत भाषाबाट रूप नफेरिई जस्ताको तस्तै आएका शब्दलाई तत्सम शब्द भनिन्छ। संस्कृत भाषाका शब्दहरू प्राकृत - अपभ्रंश हुँदै आउँदा केही रूप फेरिएर नेपाली भाषाको उच्चारण ढाँचा अनुरूप बनेर आएका शब्दलाई तद्भव शब्द भनिन्छ। तत्सम र तद्भव दुवै स्रोतका शब्दहरू नेपाली भाषाका मौलिक शब्दहरू हुन्। नेपाली भाषामा देशभित्र बोलिने स्वदेशी र देशबाहिरका थुप्रै विदेशी भाषाहरूबाट शब्दहरू आएका छन्। संस्कृतबाहेक अन्य स्वदेशी र विदेशी भाषाबाट नेपाली भाषामा आएका शब्दहरू आगन्तुक शब्द हुन्। नेपाली भाषा संसारकै ठूलो भाषा परिवार भारोपेली परिवारको भाषा भएकाले यहाँ विभिन्न भारोपेली र अभारोपेली भाषापरिवारका भाषाबाट पनि आएका शब्दहरू प्रयोग भएका पाइन्छन्।

नेपाली भाषाका शब्दहरूलाई बनोटका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ। शब्द बन्ने तरिकाका आधारमा कुनै पनि अंश छुट्याएर विभाजन गर्न नसकिने शब्दलाई मूल शब्द भनिन्छ भने कुनै पनि शब्दको बनोटको तरिकाका आधारमा अंश छुट्याउन सकिन्छ भने तिनलाई व्युत्पन्न शब्द भनिन्छ। नेपाली भाषामा उपसर्ग जोडेर, प्रत्यय जोडेर, समास गरेर र द्वित्व गरेर शब्द बनाउने गरी चारवटा शब्द व्युत्पादनका विधिहरू पाइन्छन्। यी विधिबाट निर्माण भएका शब्दलाई व्युत्पन्न शब्द भनिन्छ। व्याकरणात्मक कोटिका आधारमा वाक्यमा प्रयोग हुँदा रूप परिवर्तन हुने शब्द विकारी र रूप परिवर्तन नहुने शब्दहरू अविकारी हुन्। विकारी शब्दका नाम सर्वनाम विशेषण र क्रियापद गरी चारवटा वर्ग रहेका छन् भने अविकारी पदका नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी पाँचवटा वर्ग रहेका छन्। यसरी नेृपाली भाषाका शब्दहरू व्याकरणात्मक कार्यका आधारमा मुख्य नौवटा वर्गका रहेका देखिन्छन्। यसरी समग्र नेपाली भाषाको शब्दभण्डार आफ्नो मूल स्रोतभाषा संस्कृतका साथै आधुनिक भाषाहरूका शब्दभण्डारबाट आवश्यक शब्द ग्रहण गर्दै थप मौलिक शब्दहरूको विकासले समृद्ध बनेको पाइन्छ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमराज र अन्य (२०६६), *प्रयोगात्मक नेपाली शब्दकोश,* विद्यार्थी पुस्तक प्रकाशन।

चापागाईं, नरेन्द्र (२०६७), *नेपाली शब्द भण्डार*, श्याम पुस्तक भण्डार।

न्यौपाने, टङ्कप्रसाद (२०५१), *भाषाविज्ञानको रूपरेखा*, नेपाल बुक डिपो।

पोखरेल, बालकृष्ण र अन्य (२०६०), *नेपाली बृहत् शब्दकोश*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

भटराई, डि.पि. (२०६२), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति*, विद्यार्थी पुस्तक भण्डार।

भण्डारी, पारसमणि र अन्य (२०७५), *अनुसन्धान विधि*, विद्यार्थी पुस्तक भण्डार।

बराल, कृष्णहरि र अन्य (२०६५), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास*, तलेजु प्रकाशन।

लुईंटेल, खगेन्द्रप्रसाद (२०५३), *नेपाली प्रकृति प्रत्यय कोश*, विद्यार्थी पुस्तक भण्डार।